गजुरी गाउँपालिका

# गजुरी गाउँ कार्यपालिकाको कार्यालय

गजुरी, धादिङ

## आ.व.२०७९/८० को लागि नदीजन्य पदार्थको विक्रिका लागि बोलपत्र आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :२०७९/१/१३ दोस्रो पटक प्रकाशित मिति :२०७९/२/१३ तेस्रो पटक प्रकाशित मिति :२०७९/२/३१
चौथौ पटक प्रकाशित मिति :२०७९/३/०८ पाचौं पटक प्रकाशित मिति :२०७९/३/१७ छैठौं पटक प्रकाशित मिति :२०७९/३/२८
सातौ पटक प्रकाशित मिति :२०७९/४/०८ आठौ पटक प्रकाशित मिति :२०७९/६/०६ नवौ पटक प्रकाशित मिति २०७९।०६।२७
दशौ पटक प्रकाशित मिति : २०७९।०७।१८ **एघारौ पटक सूचना प्रकाशित मिति : २०७९।०८।२०**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क. र यस गजुरी गाउंपालिकाको आर्थिक ऐन २०७९ को दफा ८ को व्यवस्था बमोजिम IEE प्रतिवेदन २०७९ अनुसार त्रिशुलीनदी, बेल्खुखोला, मलेखुखोला तथा दारियाङखोलाको स्वीकृत घाटहरुवाट निर्धारित मापददण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गजुरी गाउंपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नका लागि दशौ पटक सम्म राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा ठेक्का बन्दोवस्त हुन नसकेकोले गजुरी गाउँ कार्यपालिका बैठकको मिति २०७९/०८/१५ को निर्णय अनुसार एघारौ पटक रु.३,००,००,०००।०० (तीन करोड) मा यो ७ दिने सूचना प्रकाशित गरिएको हुंदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि. नं. | ठेक्का नं. | आयको विवरण | विक्रि शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व. २०७९।८० को बाकी अवधिको लागि न्यूनतम बोलपत्र रकम ( मु.अ. कर वाहेक) | उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण | बोलपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | राजस्व १।०७९/८० | गजुरी गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने त्रिशुलीनदी, बेल्खुखोला, मलेखुखोला तथा दारियाङखोलाका ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, स्लेट, बिछ्याउने ढुंगा भट्टामा प्रयोग हुने माटो विक्री शुल्क उठाउने कार्य । | विक्री शुल्क ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, प्रति क्यू फिट ९।०० -नौ रुपैया, | ३,००,००,०००।- तीन करोड रुपैया मात्र) | त्रिशुलीनदी, बेल्खुखोला, मलेखुखोला तथा दारियाङखोलाको गरी जम्मा ३३३३३३३.३३ क्यूफिट | ५०००। | कवोल अंकको ५ प्रतिशत |

**शर्तहरु:**

१. फर्मको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व. ०७८/७९ को कर चुक्ता प्रमाणपत्र वा सम्बन्धित आ.रा.का.मा कर विवरण बुझाएको प्रमाण कानुनी रुपमा योग्य रहेको लिखित घोषणापत्रको साथै बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा रा वा बैंक शाखा कार्यालय गजुरीमा रहेको यस कार्यालयको स्थानीय तह आन्तरिक राजस्व खाता नं १०५०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना दशौं पटक प्रकाशन भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ । बोलपत्र खरीद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलीपल्ट वा लगतै कार्यालय खुलेको दिन कार्यालय समय भित्र शिलवन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध छ । साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।

२. एघारौ पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १.०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । (गजुरी गाँउपालिका भित्र भुकम्प पिडितले घर निर्माण गर्दा भुकम्प पिडित प्रमाणपत्रको आधारमा ढुङ्गा,गिट्टी,वालुवामा सम्बन्धीत वडाको सिफारीसको अधारमा १०० प्रतिशत कर छुट दिनु पर्नेछ )

(नोट) विस्तृत जानकारीको लागि यस कार्यालयको website www.gajurimun.gov.np मा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत